नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी नं.:-

सूचना

<u>निजामती कर्मचारी अस्पतालको सेवा प्रदेशस्तरमा उपलव्ध हुने।</u>

निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालबाट प्रदान हुँदै आएको स्वास्थ्य सेवालाई प्रदेशस्तरमा समेत विस्तार गर्ने नेपाल सरकारको नीति अनुसार मिति २०८३/०२/२५ गते सोमवार देखि निजामती कर्मचारी अस्पताल काठमाडौंले उपलव्ध गराउने छुट तथा सहुलियत सहितको स्वास्थ्य उपचार सेवा प्रारम्भिक चरणमा श्री भरतपुर अस्पताल, चितवन र श्री नारायणी अस्पताल, विरगञ्ज पर्साबाट उपलव्ध हुने ब्यहोरा सम्वद्ध सवैलाई जानकारीको लागि अनुरोध छ।

उक्त छुट तथा सहुलियत सहितको स्वास्थ्य उपचार सेवा निजामती कर्मचारी अस्पतालबाट परिचयपत्र प्राप्त गर्नुहुने निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई तोकिए बमोजिम उपलव्ध हुनेछ। सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाशप्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा लिई जानु पर्ने व्यवस्था रहेको ब्यहोरा समेत अनुरोध छ।

यसका अतिरिक्त बाँकी प्रदेशबाट समेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरुको सूचीकरण भएको हुँदा आवश्यक तयारी पुरा गरी सवै प्रदेशबाट निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको छुट, सहुलियत सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ।

यस व्यवस्थाबाट काठमाडौं उपत्यका बाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाशप्राप्त कर्मचारी र आश्रित परिवारहरूले आफ्नै प्रदेशमा स्वास्थ्य सेवा प्राप्त गर्न सहजता हुने अपेक्षा गरिएको छ।

प्रवक्ता

२०८३/०२/२४